७१ औ बैठक

आज मिति २०७७ साल आषाढ ८ गते सोमबारका दिन विहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एवम् सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

<u>अन्य उपस्थिती :</u>

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल , प्रशासन शाखा प्रमुख

Scanned with CamScanner

निर्णय नं. १ :

केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम रु. २७,२१,८०,०९०।०० मध्ये ४० प्रतिशतले हुन आउने रकमलाई शु.न.पा. भित्रका सबै वडालाई समन्यायिक तवरले वितरण गरी बजेट सिमा तोक्ने । जसमा ७० प्रतिशतले हुन आउने रकम रु ६३,४६,००।०० समान रुपमा, बाँकी रकमलाई १५ प्रतिशत भूगोल र १५ प्रतिशत जनसंख्यालाई आधार मानी देहाय बमोजिम वडागत बजेट सिमा रकम उपलब्ध गराउने । कार्यक्रम छनौट गर्दा संघ, प्रदेशको नीति तथा कार्यक्रमलाई आधार मान्ने तथा नगरका गौरबका आयोजना, वडाको अधुरो भएका आयोजना, कृषि तर्फ र अधिक नागरिकलाई प्रतिफल दिने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने ।

| क्र.सं. | वडा नं. | बजेट सिलिङ रु. |
|---|---|---|
| १ | १ | १ करोड |
| २ | २ | ९८ लाख |
| ३ | ३ | ८२ लाख |
| ४ | ४ | ७९ लाख |
| ५ | ५ | ८५ लाख |
| ६ | ६ | ८८ लाख |
| ७ | ७ | ८४ लाख |
| ८ | ८ | ९० लाख |
| ९ | ९ | ८३ लाख |
| १० | १० | १ करोड |
| ११ | ११ | ९८ लाख |
| १२ | १२ | १ करोड |
| कुल बजेट | | १० करोड ८७ लाख |

निर्णय नं. २ :

आगामीआ.व. ०७७।७८ का लागि देहायको कुल अनुमानित आयको विवरण सातौं नगरसभामा पेश गर्ने :

| क्र.सं. | शिर्षक | कुल बजेट अंक रु. |
|---|---|---|
| १ | समानीकरण अनुदान(संघ) | १४,६१,००,००० |
| २ | राजश्व बाँडफाड(संघ) | १०,३१,९०,००० |
| ३ | शशर्त अनुदान(संघ) | ३६,१९,००,००० |
| ४ | समानीकरण अनुदान(प्रदेश) | १,२६,३३,००० |
| ५ | राजश्व बाँडफाड(प्रदेश) | १,०२,५१,००० |
| ६ | प्रदेश समपुरक अनुदान | १,५०,००,००० |
| ७ | आन्तरिक आम्दानी | १४,६३,६०,००० |
| ८ | अन्तरपालिका साझेदारी | ५०,००,००० |
| ९ | जि.स.स. प्राप्त रकम | १८,०००,००० |

Scanned with CamScanner

| | | |
|---|---|---|
| १० | सामाजिक सुरक्षा भत्ता | १५,००,००,००० |
| ११ | गरिबसँग विश्वेश्वर | ५,००,००० |
| १२ | क्रमागत अ.ल्या. | ७,००,००,००० |
| १३ | अ.ल्या. | १,५०,००,००० |
| १४ | सडकवोर्ड | ५०,००,००० |
| १५ | घरजग्गा रजिष्ट्रेशन शुल्क | १,१५,००,००० |
| १६ | प्राकृतिक स्रोत रोयल्टी | ३,८०० |
| १७ | वन | ३,००,००० |
| | कुल रकम | १,०७,०७,३७,८०० |

**निर्णय नं. ३ :**

सातौं नगरसभाको मिति २०७७ असार १० गते विहान ११ बजे नेवा समाज हल शु.न.पा. वडा नं. ४ मा संघीय सांसद माननीय केदार सिग्देल र विशिष्ट अतिथिका रुपमा प्रदेश सभा सदस्य माननीय आशा कोईरालालाई आमन्त्रण गरी समुद्घाटन समारोह आयोजना गर्ने ।

**निर्णय नं. ४**

जि.पी.कोईराला राष्ट्रिय श्वास प्रश्वास केन्द्रमा ५० वेडसम्मको आईसोलेसन वेड निर्माणका लागि यस नगरपालिकावाट आवश्यक सहयोग तथा समन्वय गर्ने ।

**निर्णय नं. ५ :**

नगर कार्य क्षेत्र भई वडा नं. ७ मा क्रियाशिल भएको खैरेनीटार महिला वहुउद्धेश्यीय सहकारी संस्थाको महिलाको आर्थिक उन्नतिमा उल्लेख्य योगदानको कदर गर्दै उक्त संस्थाको वडा नं. ६ मा नवनिर्मित भवनमा सेवा संचालन गर्नका लागि काउण्टर निर्माणका लागि आवश्यक पर्ने रकम रु १० लाख चालु आ.व. ०७६।०७७ को सुशासन, संस्थागत क्षमता तथा सेवा प्रवाहको नगर यातायात गुरुयोजना शिर्षकवाट रकमान्तर गरी भुक्तान गर्ने र वडा नं. ७ स्थित उक्त सहकारीको भवन वडा नं. ७ को कार्यालयले प्रयोग गर्ने ।

**निर्णय नं. ६ :**

आगामी आर्थिक वर्ष २०७७/७८ का लागि नदीजन्य गिट्टी, बालुवा(चोक्कर) निकाल्नका लागि आ.व. ०७६/०७७ मा टेण्डर गरिएका सबै घाटहरुको IEE गर्ने ।

**निर्णय नं. ७ :**

नगरपालिकाको कार्यालय परिसरमा रहेको पाकिङ क्षेत्रमा पानीको डुवान भएकाले पाकिङ क्षेत्र ढलान गरी व्यवस्थित गर्नु पर्ने देखिदा सोको लागि ल.ई. अनुसार लाग्ने रकम वातावरण तथा विपद शिर्षकको सि.नं.

प्रमुख प्रशासकीय अधिकृत

५ को गौशालामा गोठ तथा शौचालय निर्माण शिर्षकबाट रकमान्तर गरी भुक्तान गर्ने । साथै विपद सम्बन्धी आवश्यक सामाग्रीहरु सि.नं. ९ को सामाग्री खरिद शिर्षकबाट खरिद गर्ने ।

**निर्णय नं. ८ :**

औधोगिक ग्राम निर्माणका लागि शुक्लागण्डकी न.पा. वडा नं. ९ र पोखरा म.न.पा. वडा नं. ३३ को पुडीटार जोड्ने सडकको शु.न.पा. तर्फको ट्रयाक खोल्न नगरपालिकाबाट प्राविधिक ईष्टिमेट गरी आगामी आ.व. मा टेण्डर आव्हान गर्ने । ताहाबाट निस्कने गिट्टी, चोक्करको बिक्रीबाट प्राप्त रकम नगरपालिकाको कोषमा दाखिला गर्ने । सो ट्रयाक खोल्नका लागि वडास्तरिय बजेटबाट छुट्टाएको रकम रु १० लाख वडा समितिको निर्णय अनुसार तालबेशी मा.वि.को कम्पाउण्ड मर्मतको लागि खर्च गर्ने गरी रकमान्तर गर्ने ।

**निर्णय नं. ९ :**

शुक्लागण्डकी न.पा. वडा नं. ९ मा रहेको तालवेशी मा.वि. ले कक्षाकोठाहरुमा रंग लगाउदा लागेको श्रमिकको ज्याला वापतको रकम रु ४०,०००।०० वडाको वडास्तरिय वजेटको क.सं. १७ को तालबेशी मा.वि. सहयोग कार्यकमवाट भुक्तान गर्ने ।

**निर्णय नं. १० :**

नगरपालिकाबाट टेण्डर गरी सम्झौता भईकार्य गरिएका आयोजनाहरुको बन्दाबन्दीका कारण समयमा कार्य सम्पन्न गर्न नसकेको भनी निवेदन प्राप्त भएकाले अर्को वर्ष पनि बजेट सुनिश्चित भएका योजनाहरुको हकमा मात्र कार्य प्रगति हेरी नियमानुसार समय थप गर्ने ।

**निर्णय नं. ११ :**

नगर क्षेत्रका विद्यालयमा स्थापित क्वारेन्टाइनका लागि आवश्यक पर्ने बेड बिस्तारा, थाल कचौरा, स्यानीटाइजर, माक्स लगायतका व्यक्तिगत प्रयोगका सामाग्रीहरु र सम्बन्धित स्थलमा आवश्यक पर्ने पानी, बिजुली व्यवस्थापनका लागि चाहिने टंकी, पाइप, टुटी, पंखा, मल्टिपल्ग, वल्व, तार जस्ता सामाग्रीहरु र सोको जडान खर्च कोरोना कोषवाट भुक्तान गर्ने ।

**निर्णय नं. १२ :**

विपद व्यवस्थापन समितिबाट आ.व ०७६/७७ का लागि विनियोजन गरिएको पैह्रो नियन्त्रण अन्तर्गतको रु ४ लाख रकमबाट खर्च लेख्ने गरी देहाय बमोजिम ल्याएका कार्यक्रमहरुलाई अनुमोदन गर्ने :

१)शु.न.पा वडा नं. २, भुलभुले वाराही मोटर मार्गका लागि रु १ लाख ५० हजार

२) शु.न.पा वडा नं. ५,अकला टोल नाला निर्माण तथा संरक्षणका लागि रु १ लाख

३) शु.न.पा वडा नं. ८,सृजना मोटरमार्ग अन्तर्गत ज्ञानज्योती मोटरमार्ग पाखाडी खोल्सी संरक्षणका लागि रु १ लाख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. १३ :

चालु आ.ब. ०७६/७७ का लागि शुसासन, संस्थागत विकास तथा सेवा प्रवाह अन्तर्गत मेलमिलाप केन्द्र स्थापना तथा सञ्चालनका लागि विनियोजन गरिएको रु २० लाख लाई प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्ने ।

प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner